२०७९ साउन २६ गते तदनुसार (August 11, 2022) बिहीवारको बैठकमा पेश भएका कार्यसूचीहरु :

१. यस गाउँपालिकाको मुद्धा मामिला गर्न तथा यस गाउँपालिका उपर आइपर्ने मुद्धामा प्रतिरक्षा गर्ने सम्बन्धमा ।

२. दररेट कायम गर्ने सम्बन्धमा ।

३. पुन: बजेट माग गर्ने सम्बन्धमा

४. असुल उपर सम्बन्धमा ।

५. आ.व. २०७९/८० को लागि बोलपत्र आब्हान गर्ने सम्बन्धमा।

६. आ.व.२०७९/८० को लागि नदीजन्य पदार्थ उत्खनन् सङ्कलन र बिक्रीको बोलपत्र आब्हान सम्बन्धमा ।

७. गाउँपालिका विपद् व्यवस्थापन समिति गठन सम्बन्धमा ।

८. विपद व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७९ पारित सम्बन्धमा ।

९. गाउँपालिकाको जिन्सी सम्पत्तिहरु एकीकृत गर्ने सम्बन्धमा ।

प्रमाणित गरिएको छ

२०७९।४।२६

प्रमाणित गरिएको छ।

२०७९ साल साउन २६ गते बिहीवारको बैठकका निर्णयहरुः

निर्णय नं.१ः यस गाउँपालिकाको तर्फबाट मुद्धा मामिला गर्न तथा यस गाउँपालिका उपर पर्ने मुद्धाको म्याद बुझी प्रतिरक्षा र प्रतिवाद गर्न लिखित जवाफ पेश गर्नको लागि तपाई गाउँपालिका अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दाली ज्यूलाई अख्तियारी प्रादान गरिएको छ । गाउँपालिकाको हक हुने गरी काम काज गर्नहुन भनी निर्णय सर्व सम्मतिले गरियो ।

निर्णय नं.२. आ.व.२०७९/८० मा ओखलढुङ्गा जिल्लामा जिल्ला दररेट निर्धारण समितिले ढुङ्गा गिटी र बालुवाको दररेट निर्धारण नगरेको हुनाले उक्त ढुङ्गा गिटी र बालुवाको दररेट यो निर्णयभन्दा पछि निर्धारण भएर आए सो अनुसार नभए गत आ.व.२०७८/७९ को लागि जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटलाई नै कायम गर्ने निर्णय आजको कार्यपालिका बैठकबाट सर्व सम्मतिले गरियो । अन्य दररेटको सम्बन्धमा मिति २०७९/०३/३२ गते शनिवारको दिन प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला दररेट निर्धारण समितिको बैठकले पारित गरेको निर्णय अनुसारको दररेट नै लागु गर्ने निर्णय गरियो ।

निर्णय नं.३. यस मानेभन्ज्याङ गाउँपालिका द्वारा सञ्चालन भएको दुधकोशी हिलेपानी लिफ्टीङ खानेपानी योजना निर्माण ठेक्का नं. MRM/OKH/DHPLWS/NCB/W/10/077/078 कार्यको लागि संघीय सरकारबाट विशेष अनुदान रु. ५ करोड प्राप्त भइ मानेभन्ज्याङ गाउँपालिका र श्री पाराडाईज ईनोभेटिभ ए.एम. जेभि, ज्वागल ललितपुरबीच मिति २०७८/०५/१५ गते सम्झौता भइ २०७९/०३/१५ गते सम्पन्न गर्नु पर्ने भएकोमा उक्त अवधिभित्र सम्झौता बमोजिमको सम्पूर्ण कार्य सम्पन्न नभएको हुँदा बाँकी खर्च नभएको रकम नियम बमोजिम फिर्ता गरिसकिएको तर मानेभन्ज्याङ गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७९ को नियम १२९ (क) बमोजिम उक्त योजनाको म्याद २०८० को असार मसान्तसम्म थप गर्नु पर्ने व्यवस्था भएको साथै सो आयोजनाको कार्य बाँकी रहेको हुँदा नियम बोजिम फिर्ता गरिएको रकम पुन: माग गर्ने निर्णय गरियो ।

निर्णय नं.४: यस मानेभन्ज्याङ गाउँपालिकाको ग्रामीण विद्युतीकरण निर्माण कार्य, ठेक्का नं. MRM/NCB/ELCTGDS/07/077/078 को ठेक्का सम्झौता अन्त्य भइसकेकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५९ उपदफा ८ बमोजिम सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था रहेकोले सोहि अनुसार कार्बाही र असुल उपर गरी कालोसूचीमा राख्नको लागि सार्वजनिक खरिद अनुगमनको कार्यालयमा परिपत्र गर्ने निर्णय गरियो ।

निर्णय नं.५: मानेभन्ज्याङ गाउँपालिकाको आ.व.२०७९/८० को लागि प्रदेश सरकारबाट समपूरक अनुदानबाट प्राप्त योजना पंखुखोला मोली रामपुर खानेपानी लिफ्टीङ योजना (अधुरो) र संघीय समपूरक अनुदानबाट प्राप्त घलेगाउँ केत्तुके खानेपानी योजनाको गाउँपालिकाबाट व्यहोर्नु पर्ने आवश्यक बजेटको स्रोत सुनिश्चित गरी बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं.६: यस मानेभन्ज्याङ गाउँपालिका क्षेत्रभित्र रहेको मोलुङ, सुनकोशी र दुधकोशी नदीमा रहेको नदिजन्य पदार्थ उत्खनन्, संकलन र बिक्रीको लागि बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

निर्णय नं.७: मानेभन्ज्याङ गाउँपालिकाको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन,२०७५ परिच्छेद-२ मा गाउँ विपद व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था भएको हुँदा सो अनुसार दफा ३ अनुसार गाउँपालिकाभित्रको विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न गाउँ विपद व्यवस्थापन समिति आवश्यक रहेको हुँदा तपसिल अनुसारको समिति गठन गरियो :

तपसिल:

अध्यक्ष– संयोजक

उपाध्यक्ष – सदस्य

प्र.प्र.अ. – सदस्य

सबै वडाध्यक्ष- सदस्य

प्रतिनिधि,जिल्ला प्रशासन कार्यालय- सदस्य

भौतिक पूर्वाधार शाखा प्रमुख- सदस्य

गाउँपालिका भित्रको सुरक्षा निकाय प्रमुख/ प्रतिनिधि – सदस्य

नेपाल रेडक्रस सोसाइटीका स्थानीय प्रतिनिधि- सदस्य

विपद व्यवस्थापन फोकल पर्सन – सदस्य- सचिव

प्रमाणित
२०८०।६।१६

निर्णय नं.८: मानेभन्ज्याङ गाउँपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट हुन सक्ने जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि स्थापना भएको विपद व्यवस्थापन कोषको सञ्चालन सम्बन्धी कार्यविधि बनाउन बाञ्छनीय भएकोले मानेभन्ज्याङ गाउँपालिकाको गाउँपालिका विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी आजको कार्यपालिका बैठकबाट मानेभन्ज्याङ गाउँपालिकाको विपद व्यवस्थापन कोष( सञ्चालन) कार्यविधि, २०७९ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ९: यस मानेभन्ज्याङ गाउँपालिकाको सम्पूर्ण जिन्सी सामग्री/ सम्पत्तिहरुको निरीक्षण तथा अभिलेखीकरण गर्नको लागि एक जिन्सी निरीक्षण समिति (जनप्रतिनिधी र कर्मचारी) तपसिल अनुसार गठन गर्ने निर्णय गरियो । साथै समितिले गाउँपालिका र सबै वडाहरुको जिन्सी सामानको निरीक्षण गरी अभिलेखीकरण र एकीकृत गर्नको लागि गठन भएको मितिले १ महिनाभित्र गाउँ कार्यापालिकामा प्रतिवेदन पेश गर्नु पर्ने निर्णय गरियो ।

तपसिलः

संयोजक: श्री विष्णु प्रसाद गौतम

सदस्य: श्री विष्णु बहादुर तामाङ

सदस्य: श्री दिलिप कुमार मगर

सदस्य: श्री भोग बहादुर राई

सहयोगी : श्री टेक कुमार राई

प्रमाणित गरिएको छ ।

२०७५।४।२६